# बकैया गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
**छतिवन, मकवानपुर**
**सुचना नं २-२०७४/०७५**

## हाइब्रिड पावर ब्याकअप सिस्टम खरिद सम्वन्धी सिलवन्दी दरभाउपत्र आह्वानको सूचना
**प्रथम पटक प्रकासित मिति २०७४।११।०४ गते**

यस कार्यालयवाट चालु आर्थिक वर्ष २०७४/०७५ का लागि तपसिलका **हाइब्रिड पावर ब्याकअप सिस्टम** खरिद गर्नु पर्ने भएकोले इच्छुक योग्यता पुगेका कम्पनी, फर्म वा सप्लायर्सले यस सुचना वमोजिमको कार्य गर्ने अनुमति पत्र प्राप्त अधिकृत विक्रेता (सप्लायर्स) हरुले निम्न अनुसार रितपूर्वकको सिलबन्दी दरभाउपत्र पेश गर्नु हुन यो १५ दिने सूचना प्रकाशित गरिएको छ ।

१. ईच्छुक दरभाउपत्रदाताहरुले रु. १०००।- (फिर्ता नहुने गरी) दरभाउपत्र खरिद गरि लिखित निवेदनको साथमा दरभाउपत्रदाताको नविकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिबृद्धिकर प्रमाणपत्र तथा आ.व.२०७२/०७३ सम्म कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु पेश गरी बकैया गाउँ कार्यपालिका कार्यालय, छतिवन मकवानपुरवाट यो सूचना प्रथम पटक प्रकाशित मितिले १५ औं दिनको कार्यालय समय भित्र खरिद गर्न सकिनेछ ।

२. १६ औं दिनको १२:०० भित्र यस कार्यालयमा दरभाउपत्र सिलवन्दी गरी खाममा आंफूले सप्लाई गर्ने सामानको विषय समेत उल्लेख गरी दर्ता गराउनु पर्नेछ । निर्धारित समय भित्र दर्ता नभएको दरभाउपत्र मान्य हुने छैन ।

३. दर्ता भएका दरभाउपत्रहरु १६ औं दिन दर्ता गर्ने समय सकिए लगतै कार्यालयका प्रतिनिधि र उपस्थित दरभाउपत्रदाताका प्रतिनिधिको रोहवरमा खोलिनेछ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएपनि खोल्न बाधा पर्ने छैन । दरभाउपत्र दरिद गर्ने, दर्ता गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन उल्लेखित कार्यहरु गरिनेछ ।

४. दरभाउपत्रसाथ तोकिए वमोजिमको जमानत रकम यस कार्यालयको नेपाल वैंक लिमिटेड हेटौंडा स्थित धरौटी खाता धरौटी खाता नम्बर: ०२५०३००००००००३००००१३ मा जम्मा गरेको सक्कल भौचर वा कम्तिमा दरभाउपत्र दाखिला हुने अन्तिम मितिले ७५ दिन म्याद भएको मान्यता प्राप्त वैंकवाट जारी गरिएको सक्कल विडवण्ड संलग्न गर्नु पर्नेछ ।

५. दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन विदा परेको खण्डमा त्यसको लगत्तै कार्यालय खुलेको दिन उल्लेखित कार्यहरु गरिनेछ ।

६. दरभाउपत्र दाखिला हुने अन्तिम मिति देखि ४५ दिनसम्म मान्य हुनेछ ।

७. BOQ मा उल्लेख गरेको दररेट अङ्क र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

८ कुनै कारण जनाई वा नजनाई दरभाउपत्र आंशिक वा पूर्ण रुपमा स्वीकृत गर्ने वा नगर्ने एवं सूचना रद्द गर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ ।

९ दरभाउपत्र सम्वन्धी अन्य कुनै कुरा बुझ्नु पर्ने भएमा कार्यालय समयभित्र खरिद इकाईमा सम्पर्क राख्न सकिनेछ ।

१० दरभाउपत्र सम्वन्धी अन्य काम कारवाही सार्वजनिक खरिद ऐन (संसोधन सहित) २०६३ तथा सार्वजनिक खरिद नियमावली (संसोधन सहित) २०६४ र प्रचलित ऐन बमोजिम हुनेछ ।

११ सामान स्पेशिफिकेशन अनुसारको हुनुपर्नेछ र स्पेशिफिकेशन, गुणस्तर BoQ मा उल्लेख गरिनेछ । सामानको सप्लाई कार्यालय सम्म सप्लायर्सले नै गर्नु पर्नेछ ।

**खरिद गर्नुपर्ने सामानको विवरण**

| ठेक्का नं. | आवश्यक सामानको विवरण | आवश्यक संख्या | जमानत रकम |
|---|---|---|---|
| ०२/२०७४-०७५ | **Hybrid Power Backup System for office of Bakaiya Rural Municipal Excecutive (3.5 KVA/48V "Pure Sine Wave" UPS, 200 AH/12V Tubular Battery, 150 W solar Panel, Controller, UV wire) with setup** | १ सेट | रु ५०,००० |
| | **Hybrid Power Backup System for Ward Office at ward no. 1,2,10,11 (2 KVA/24V "Pure Sine Wave" UPS, 200 AH/12V Tubular Battery, 150 W solar Panel, Controller, UV wire) with setup** | ४ सेट | |
| | **Power Backup System for Ward Office at ward no. 3-9, 12 (2 KVA/24V "Pure Sine Wave" UPS, 200 AH/12V Tubular Battery) with setup** | ८ सेट | |

प्रमुख प्रशासकीय अधिकत